# प्रदेश सरकार
# प्रदेश नं ५
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# वुटवल,नेपाल

सचिव वैठक नं: ८
मिति : २०७५।५।१

**उपस्थिति :**

| | | |
|---|---|---|
| डा. तीर्थराज ढकाल, | प्रमुख सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री दिपेन्द्र काफ्ले, | सचिव | मख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| श्री बसन्त अधिकारी, | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| श्री भरत मणि रिजाल, | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| श्री थानेश्वर गौतम, | सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| श्री मान वहादुर वि के, | सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| श्री धनन्जय पौडेल, | सचिव | उद्योग पर्यटन वन तथा बातावरण मन्त्रालय |
| श्री यामनारायण देवकोटा, | सचिव | भुमिव्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| श्री मनोज श्रेष्ठ | सचिव | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| श्री पुष्करराज पन्त, | सचिव | सामाजिक विकास मन्त्रालय |
| **आमन्त्रित** | | |
| श्री बैकुण्ठ प्रसाद सापकोटा | उपसचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री यमकान्त पाण्डेय | उपसचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

**निर्णयहरु :**

(१) कानून तर्जुमा र बजेट कार्यान्वयनः

क. आफ्नो मन्त्रालयबाट तयार पार्नुपर्ने भनी पेश गरिएका नीति तथा कानूनहरुको प्राथमिकता क्रम, तर्जुमा प्रक्रिया निर्धारण गरी सात दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई जानकारी गराउने ।

ख. बजेट निकासा प्रक्रिया र चौमासिक खुलेको बार्षिक कार्यक्रम तयार गर्नका लागि सबै मन्त्रालय/ निकायका सचिव र लेखा प्रमुखलाई सहभागी गराई आर्थिक मामिला तथा योजना मन्त्रालयले तुरुन्तै एक अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।

(२) संगठन संरचना र जनशक्ति व्यवस्थापन :

क. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट परिपत्र भएवमोजिम आफ्नो मन्त्रालय र मातहत निकायहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षणको अन्तरिम प्रतिवेदन तयार गरी भाद्र ७ गते भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

ख. आफ्नो कार्यालयबाट हुने प्रदेश नं ५ बाहिर वा प्रदेश भित्रकै जिल्ला भ्रमण गर्न खटाउँदा कानुन बमोजिम अभिलेख राख्ने र भ्रमण गरिसकेपछि अनिवार्य रुपमा भ्रमण प्रतिवेदन तयार गरी बुझाउने व्यवस्था गर्ने। मन्त्रालयका सचिवहरुको हकमा भ्रमण प्रतिवेदनको सफ्टकपि सहित प्रमुख सचिव समक्ष पेश गर्ने ।

ग. सचिव बैठकमा पेश भएको बैदेशिक भ्रमण मनोनयनसम्वन्धी कार्यविधि सम्वन्धमा आफ्नो मन्त्रालयमा छलफल गरी राय सहित ३ दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

घ. नेपाल सरकारबाट वैदेशिक भ्रमणको कोटा बाँडफाँड गर्दा प्रदेश सरकारमा कार्यरत जनशक्तिको समेत क्षमता विकासका लागि उच्च प्राथमिकतामा राखी अवसर उपलब्ध गराउन अनुरोध गर्ने ।साथै हाल कतिपय केन्द्रीय मन्त्रालय तथा निकायहरुले सोझै प्रदेशका सम्वन्धित निकायलाई मनोनयनका निमित्त पत्र पठाउने गरको देखिएकाले बैदेशिक भ्रमणको मनोनयनका लागि प्रदेशमा पठाउँदा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत पठाउने व्यवस्था हुन समेत अनुरोध गर्ने ।

(३) **प्रगति प्रतिवेदन सम्वन्धमा :**

क. सबै मन्त्रालयहरुले हरेक महिनामा गरेका कार्यहरु र हासिल भएको प्रगति खुल्नेगरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अर्को महिनाको ७ गतेभित्र प्रतिवेदन अनिवार्य रुपमा पठाउने। उक्त प्रतिवेदनमा संगठन संरचना, जनशक्ति व्यवस्था, कानून निर्माण, विकास कार्यक्रमको कार्यान्वयन स्थिति, आइपरेका समस्याहरु, समस्या समाधानका लागि अपनाइएका उपायहरु समेत खुलाउनु पर्नेछ ।

(४) अन्य :

क. यस प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा सरुवा भई आउनु भएका प्रदेश सचिव श्री धनन्जय पौडेललाई स्वागत सहित कार्यकालको सफलताको शुभकामना दिइयो ।

०७५/४/३